# बन्दीपुर गाउँपालिका
Bandipur Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
बन्दिपुर, तनहुँ
Bandipur, Tanahun

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

**प. सं.** (Ref. No.):-२०८१/८२
**च. नं.** (Des. No.):-

**मिति**(Date):-२०८२/०३/०३

स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम तहवृद्धि सम्बन्धी सूचना

सूचना नं.२-२०८१/०८२(तह/स्तर वृद्धि)

सूचना प्रकाशित

मिति:२०८२/०३/०३

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा २७ मा भएको तहवृद्धिको व्यवस्था बमोजिम तपशिलमा उल्लेखित शर्तहरु पुरा भएका बन्दीपुर गाउँपालिकामा कार्यरत स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरुले यस कार्यालयको वेव साईट **www.bandipurmun.gov.np** मा राखिएको तहवृद्धिको आवेदन फारम डाउनलोड गरी नेपाली कागजमा प्रिन्ट गरी फाराममा उल्लेखित विवरण खुलाई दुई प्रति तयार गरी सम्बन्धित शाखा प्रमुखबाट प्रमाणित गराई मिति २०८२/०३/३२ गते भित्र कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन सूचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेनलाई तहवृद्धिको प्रकृयामा सामेल नगराइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

१. स्थानीय सेवाको स्वास्थ्य सेवा वाहेक अन्य सेवामा कार्यरत कर्मचारीको हकमा:
   - क. अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तहवृद्धिका लागि क्रमश: सहायकस्तर पाँचौ, अधिकृतस्तर सातौं र अधिकृत स्तर नवौं तहको पदमा पाँच वर्षको सेवा अवधि पुरा भएको हुनुपर्दछ ।
   - ख. अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा तहवृद्धिको लागि क्रमश: सहयाकस्तर पाँचौ, अधिकृतस्तर सातौं र अधिकृत नवौं तहको पदमा पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा कम्तिमा पन्चानब्वे औषत अंक प्राप्त गरेको हुनुपर्दछ ।
   - ग. स्थानीय सेवा( गठन तथा सञ्चालन)ऐन २०७९ को दफा ३१ बमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

२. स्थानीय सेवाको स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको हकमा:
   - क. स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन २०७९ को दफा २७ को उपदफा ३ बमोजिम (स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५) बमोजिमको सेवा शर्त र अवधि पूरा भएको हुनुपर्नेछ ।
   - ख. स्वास्थ्य सेवा ऐन २०५३ एवं नियमावली, २०५५ बमोजिम स्तरवृद्धिको लागि आवश्यक पर्ने कागजात संलग्न हुनुपर्ने
   - ग. स्वास्थ्य सेवा ऐन २०५३ को दफा ९(क) बमोजिम नकारात्मक सूचिमा नपरेको हुनुपर्नेछ ।
   - घ. स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ११ बमोजिमको अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको अवधिको शाखा प्रमुखबाट प्रमाणित सिफारिस पत्र । (साथै अति दुर्गम वा दुर्गम

बन्दीपुर गाउँपालिका
Bandipur Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
बन्दिपुर, तनहुँ
Bandipur, Tanahun
२०७३

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

**प. सं.** (Ref. No.):-२०८१/८२ **मिति**(Date):-२०८२/०३/०३

**च. नं.** (Des. No.):-

भौगोलिक क्षेत्रमा सेवा गरेको रुजु हाजिरी एवं अवधि खुल्ने कागजातहरु(कामकाज गर्न खटाईएको पत्र, रमना पत्र र हाजिरि भएको जानकारीको पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

ङ. साविक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्त भएका कर्मचारीहरुले यस गाउँपालिकामा समायोजन भएको पत्र ।

च. स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३१ बमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

३. <u>स्थानीय सेवाको सबै सेवामा कार्यरत कर्मचारीहरुले आवेदन साथ खुलाउनुपर्ने तथा संलग्न गर्नुपर्ने अन्य कागजातहरु:</u>

क. आवेदन फारमको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।

ख. सुरु नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि ।

ग. तहवृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति वा स्तरवृद्धिको प्रमाणित प्रतिलिपि ।

घ. कर्मचारी समयोजन ऐन २०७५ बमोजिम बन्दीपुर गाउँपालिकामा समायोजन भएको पत्रको प्रतिलिपि र पदस्थापन पत्रको प्रमाणित प्रतिलिपि ।

..........................
यादवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत